## मिति २०७७।२।१८ गतेको नेपालगंज उपमहानगरपालिको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं.१**

नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.१ स्थित क्षेत्रमा रहेको वाटरपार्क सञ्चालन तथा व्यवस्थापन के कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो । सो सम्बन्धमा वाटरपार्क निजि क्षेत्रबाट ठेक्कामा सञ्चालन गर्न दिनको लागि मू.अ.क. बाहेक वार्षिक ठेक्का अंक रु.१९,५१,०००।–( अक्षेरुपी उन्नाईस लाख एकाउन्न हजार मात्र) हुने साथै प्रत्येक वर्ष वार्षिक ठेक्का अंकमा ५ प्रतिशतले बृद्धि हुने तथा ठेक्का अवधि ५ वर्षको हुने गरी ठेक्का सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

नेपालगन्ज उप–महानगरपालिका क्षेत्रको वडा नं.८ मा रहेको मिनि जु पार्कमा विवाह कार्यक्रमको लागि श्री अब्दुल अहमद सिद्धिकीले मिति २०७७/०१/०६ गतेको लागि मिति २०७६/१२/०२ गते रु.१२,०००।–(अक्षेरुपी बाह्र हजार मात्र) को रसिद काटि बुक गराएकोमा सो समयमा विश्वब्यापी रुपमा फैलिएको कोरोना रोगको महामारीका कारण देशमा लकडाउन भई उक्त कार्यक्रम हुन नसकेकोले सो रकम फिर्ता पाउँ भनि निवेदन पेश गरेकोमा निजको सो रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

नेपालगन्ज उप–महानगरपालिाकाको वडा नं.२ स्थित दैलेखी बंगलामा रहेका सटरहरु मध्ये एउटा मात्र सटरले भाडा बुझाउदै आएको छ भने अन्य संरचनाहरु अस्तब्यस्त भै जिर्ण अवस्थामा रहेको छ साथै सो क्षेत्रमा उप–महानगरपालिकालाई कुनै जानकारी नदिई भाडा नतिरि अनाधिकृतरुपमा मानिसहरु बसोवास गर्दै आएकाले सो क्षेत्रमा बसोवास गर्ने मानिसहरुलाई उक्त क्षेत्र छाड्नको लागि १( एक) महिनाको समयावधि तोकी सूचना टाँस गर्ने र सो पछि उक्त क्षेत्र खालि गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को महामारीले सिङ्गो देश २०७६/१२/११ गतेदेखि लकडाउन भएकोले नेपालगन्ज उप–महानगरपालिकाले ठेक्का/भाडामा दिएका सम्पूर्ण संरचना, पार्क, उपकरणहरु बन्द भएकोले सो समयमा ब्यवसायीहरुले ब्यवसाय गर्न नसकेको अवस्था सिर्जना भएको हुँदा बसपार्क पार्किङ्ग तथा नगरबस संचालन, बसपार्क र उप-महानगरपालिका अगाडी र उत्तरतर्फ बनेका सटरहरु, रानितलाउ, महेन्द्रपार्क, चिल्ड्रेनपार्क, मासुमन्डी, बसपार्क भित्र बस वासिङ्ग र ग्रिसिङ्ग,फुटपाथ पसलहरु लगायत उप–महानगरपालिकाले भाडा लिने क्षेत्रहरु जुन हाल बन्द अवस्थामा रहेका छन्, सो क्षेत्रहरुको भाडा लकडाउन अवधिभरसम्मको लागि नलिने साथै ब्यवसायीले बुझाउनुपर्ने किस्ता लकडाउनको समयभित्र पर्न गएमा सो अवधि लकडाउन समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र बुझाई सक्नु पर्नेगरि थप गर्ने र सो समयावधिको कुनै ब्याज/हर्जना नलाग्ने साथै लकडाउन हुनु भन्दा अगाडी बुझाउनुपर्ने किस्ता नबुझाएको खण्डमा १ (एक) पटकलाई ताकेता गर्ने र सो गर्दा पनि किस्ता रकम नबुझाएमा प्रचलित नियम तथा सम्झौतामा उल्लेखित शर्त बमोजिम हुने निर्णय गरियो ।

1|77.2.18

**निर्णय नं. ५**

कोरोना भाईरस (COVID-19) संक्रमण नियन्त्रण, रोकथाम तथा व्यवस्थापन कार्यको लागि चालु आ.व. २०७६/०७७ को वडा स्तरीय बजेट तथा कार्यक्रम मध्ये सम्बन्धित वडा कार्यालयबाट प्राप्त तपशिल बमोजिमको वडा स्तरीय बजेट आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | बजेट शिर्षक | रकम | रकमान्तर बजेट शिर्षक | रकम |
|---|---|---|---|---|
| 3 | शिव मन्दिर देखि रमेशको घरसम्म पछाडिको नाला र ढक्कन निर्माण को लागि रु ११,१९,५००।०० रहेकोमा सोही शिर्षकबाट रु ८,७५,०००।०० विनियोजित गरिएको र बाँकि रहेको रकम रु ३१,६०६।०० साविककै वजेत शिर्षकमा यथावथ राख्ने । | 875,000.00 | राहत वितरण गरेको ४०० जनाको रु १७५०।०० का दरले जम्मा रकम | 699,944.00 |
| | | | कोरना भाईरस (कोभिडल१९) रोकथामका लागि वडाका नागरिकलाई ३,०००।०० मास्क वितरण गरेको रकम | 45,000.00 |
| | | | कोरना भाईरस (कोभिडल१९) रोकथामका लागि वडाका नागरिकलाई ७५०।०० थान ह्याण्डवास वितरण गरेको रकम | 52,500.00 |
| | | | रिक्सा भाडा खर्च रकम | 6,000.00 |
| | | | खाजा खर्च लगायत अन्य व्यवस्थापन रकम | 10,000.00 |
| | | | एफ.एम.बाट जनचेतना प्रसारण | 10,000.00 |
| | | | यस वडाका जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि सेनिटाईजर, मास्क,ग्लोब्स खरिद | 19,950.00 |
| | जम्मा बजेट | 75,000.00 | जम्मा बजेट | 843,394.00 |

| | | | | |
|---|---|---|---|---|
| 12 | चण्डेश्वरी मन्दिर सौन्दरीकरण कोरियनपुर | 200,000.00 | कोभिड १९ नियन्त्रण तथा राहत वितरण | 1,090,200.00 |
| | मेशनरी तथा औजार साईकल खरिद | 100,000.00 | | |
| | शनी मन्दिर निर्माण | 200,000.00 | | |
| | जगन्नाथी मन्दिर निर्माण | 40,200.00 | | |
| | **जम्मा पूजीगततर्फ** | **540,200.00** | | |
| | जनचेतनामुलक सन्देश अखवार एवम अनलाईन सूचना तथा रेडियो सामग्री उत्पादन तथा प्रसारण | 200,000.00 | | |
| | अनुगमन मूल्याकंन खर्च | 100,000.00 | | |
| | अवलोकन भमण | 100,000.00 | | |
| | अन्य सामाजिक सुरक्षा | 50,000.00 | | |
| | मेलमिलाप तथा प्रशिक्षण | 100,000.00 | | |
| | **जम्मा चालू तर्फको बजेट** | **550,000.00** | | |
| | जम्मा बजेट | 1,090,200.00 | जम्मा बजेट | 1,090,200.00 |

**निर्णय नं. ६**
जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा न. २० स्थित खासकारकादों खानेपानी तथा सरसफाई उपभोक्ता समिति नेपालगंज -२० बाँके ले राँझा देखि एयरपोंट,एयरपोंट देखि इमामनगर ब्यारेक, आयलनिगम देखि डुडुवा सडक निर्माण तथा मर्मतका कारण विछ्याइएका पाइपहरु नष्ट भई विगत ५ वर्ष देखि पानि संचालनमा ल्याउन नसकि बत्तिको विल तिर्न कठिनाई भई न्युनतम चार्ज हर्जना सहित हाल सम्म ३,४०,५०८।७५ नेपाल विधुत महशुल तिरि बाँकी रकमबाट खानेपानी संचालन योजना अगाडी बढाउने गरी वडा न. २० बाट भएको सिफारिस अनुसार कार्याव्यन गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
यस नेपालगंज उप-महानगरपालिका बाट गठित सांगठनिक संरचना एवं कर्मचारी दरवन्दि व्यवस्थापन समितिको मिति २०७६।०९।२४ गतेको निर्णय समेतको आधारमा यस उप-महानगरपालिकाको बर्तमान वित्तीय अवस्था र कार्यरत कर्मचारीहरुको मौजुदा स्थिति समेत मध्येनजर गर्दै स्वीकृत दरबन्दि भन्दा बढी भएका तथा समायोजन भई रमाना लिई तोकिएको संघ, प्रदेश र स्थानिय तहमा जान बाँकी रहेका कर्मचारीहरुलाई रमाना दिने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**
यस उप-महानगरपालिका क्षेत्रमा समेत COVID-१९ को संक्रमणलाई न्युन गर्न Lockdown लागु भईरहेकोमा नगरको आगामी आ.व. तथा चालु आ.व. को योजना कार्यान्वयन गर्ने कार्यमा समेत राजश्वको महत्वपुर्ण योगदान हुने हुँदा भौतिक तथा सामाजिक दुरी समेत कायम गर्दै नगरको राजश्व शाखालाई खुला राख्ने र सम्बन्धित वडा कार्यालयलाई समेत राजश्व असुली लाई निरन्तरता दिन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**
यस उप-महानगरपालिकाको वार्ड नं. ८ र ११ को सिमानामा रहेको त्रिभुवन चौक टुटफुट भई जिर्ण भएको र सोको कारण सुन्दरतामा समेत नकारात्मक असर परेकोले सो स्थानमा मर्मतसंभार गरी चौकलाई पुनर्निर्माण गरी सो स्थानमा नेपालको राष्ट्रि झण्डा राख्ने निर्णय गरियो ।

**निर्णय नं. १०**
आगामी आ.व. ०७७।०७८ को लागि नेपाल सरकारले बजेट सिलिङ्ग उपलब्ध गराउने नेपालगंज उप-महानगरपालिका लाई समपुरक अनुदान र विशेष अनुदानमा बजेट विनियोजन नगरेकोले सो विषयमा यस उप-महानगरपालिकाको गम्भीर आपत्ति रहेको व्योहोरा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**
चालु आ.व.०७६।०७७ को विशेष अनुदान अन्तर्गत साझेदारी विकास कार्यक्रमका लागि प्राप्त बजेटबाट गणेशमान चौक मा खुला तरकारी बजार निर्माण गर्ने कार्यक्रम रहेकोमा सो स्थानमा नेपाल प्रहरीबाट जग्गा उपलब्ध गराउन नसकिने व्यहोरा लेखि आएकोले उक्त कार्यक्रम वार्ड न. १० गोसाईगाऊंमा स्थानान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**
यस नेपालगंज उप-महानगरपालिकाको फोहरमैला व्यवस्थापन प्रभावकारी रुपमा संचालनको लागि सार्वजनिक निजी साझेदारी अवधारण (संस्था मार्फत) बमोजिम कार्यको थालनी गर्ने सोको लागि आगामी आ.व.२०७७/७८ देखी लागु हुने गरी तपसिल बमोजिमको सरसफाई सेवा शुल्क लागु गर्ने निर्णय गरियो ।

तपसिल:

| सरसफाई सेवा शुल्क (मासिक दर रेट) | | | |
|---|---|---|---|
| सी.नं. | विवरण | दर रेट (रू.) | कैफियत |
| १ | ठेला (फलफुल/तरकारी) | ५० | |
| २ | घरधुरी(प्रति भान्सा/परिवार) / खुद्रा पसल/ पान पसल/ स्टेशनरी पसल | १५० | |
| ३ | ठेला (चाट/म:म) | २५० | |
| ४ | इलेकट्रोनि पसल/साना होटेल/ हेयेर कटियिंग/ खाजा घर( रेस्टुरेन्ट)/ तरकारी तथा फलफुल पसल( खुद्रा)/ प्लाष्टिक सप्लायेर्स/फार्मेसी | ३०० | |
| ५ | थोक पसल/ गेस्ट हाउस/ हार्डवयर पसल/ माछ, मासु पसल( खुद्रा), /बैंक/ फर्निचर पसल/वित्तीय संस्था/वोर्कशोप/होस्टेल/सपिङ मर्केट/गाडी शोरूम । | ५०० | |
| ६ | माछा, मासु पसल( थोक) | १००० | |
| ७ | तरकारी तथा फलफुल मन्दी | मन्दी भित्र रहेका पसलहरुको आधारमा (प्रति पसल रू.१०० का दरले) । | |
| ८ | पार्टी प्यालेस/सिनेमा हल | ३००० | |
| ९ | ठुला होटेल | | |
| ९.१ | होटेल (Tourist class) | १५०० | |
| ९.२ | होटेल ( 3 star) | ५००० | |
| ९.३ | होटेल ( 4 star) | १०००० | |
| ९.४ | होटेल ( ५ star) | १२००० | |
| १० | सरकारी कार्यालय | ५०० | |
| ११ | विद्यालय (प्राईभेट) | | |
| ११.१ | प्राथमिक/ Montessori | ५०० | |
| ११.२ | निम्न माध्यामिक | ८०० | |
| ११.३ | माध्यामिक | १००० | |
| ११.४ | उच्च- माध्यामिक | १२०० | |
| १२ | सपिङ कम्प्लेक्स (राही मार्ट, भाटभटेनी) | ३०००-७५०० | |

**नोट:** १. यहाँ उल्लेख नभएको विषय आएमा समान स्तरको फोहर उत्पादन दर कायम गर्ने ।

२. माथि उल्लेखीत ग्राहकले सड्ने र नसड्ने फोहर छुट्याएमा मासिक शुल्क को २०% छुट दिइनेछ।

३. कुनै व्यक्तिले बिवाह, बर्तमन जस्तो समारोहको लागि सेवा माग भएमा प्रति ट्रली रू. १००० दरले

सेवा शुल्क लाग्नेछ ।

४. विपन्न घरधुरीको हकमा रू. ५० प्रति परिवार/घरधुरी सेवा शुल्क लाग्नेछ ।

५. उधोग तथा कलकारखानाको हकमा फोहोर उत्पादनको मात्रा हेरी सेवा दिने संस्था/निकाय र उधोग तथा कलकारखाना बिचको आपसी समझदारी अनुसार निर्णय हुनेछ ।

निर्णय नं. १३

आ.व. २०७६/७७ मा संघीय सरकारबाट शशर्त अनुदान अन्तर्गतको **नवीकरणीय उर्जा प्रविधिहरु मार्फत उर्जा उत्पादन र परिप्रयोग** शिर्षकमा रू. १२,५५,०००/- बजेट प्राप्त भएकोमा सो मध्येबाट यस उप-महानगरपालिकामा तपसिल बमोजिमका नवीकरणीय उर्जा प्रविधिहरुमा खर्च गर्ने निर्णय गरियो ।

तपसिल:

| सि नं. | उर्जा प्रविधिको विवरण | संख्या | एकाई | प्रति एकाई दर | जम्मा विनियोजित रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | घरायासी वायो ग्यासँ ( ६ घ.मि) जडान कार्य । | १२ | वटा | रू.४०,०००/- (अनुदान) | ४८०,०००/- | |
| २. | सोलार लाईट (40 watt) जडान कार्य । | ४ | वटा | सतप्रतिशत अनुदान (लागत ईष्टिमेट अनुसार) | ५००,०००/- | Landfill site र कान्जी हाउसमा |
| कूल जम्मा | | | | | ९८०,०००/- | |

## निर्णय नं. १४

चालु आ.व. ०७६/०७७ का लागि स्वीकृत यस उपमहानगरपालिकाको सार्वजनिक निर्माण तथा सार्वजनिक खरिद कार्यको दरभाउपत्रहरु तथा बोलपत्रहरु प्रक्रियामा रहेकामा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७६।१२।०२ र २०७६।०१।१५ गते बोलपत्र, आशयपत्र, प्रस्ताव र सिलबन्दि दरभाउपत्र दाखिला गर्ने म्याद थप सम्बन्धि जरुरी सूचना प्रकाशित गरी आवश्यकता अनुसार प्रतिस्पर्धा संकुचन नहुने गरी आफैले म्याद थप गर्ने सम्बन्धमा निर्णय गर्न जानकारीको लागि भनी सूचना प्रकाशित गरेकोमा ठेक्का प्रक्रियाहरुको बिभिन्न म्यादहरु थप गर्दा चालु आ.व. मा काम गर्न ढिलाई हुने र नगरको समग्र बिकासमा नकारात्मक असर पर्ने भएकोले प्रकाशित बोलपत्र, दरभाउपत्र तथा अन्य खरिद बिधिहरु नियमित रुपले अगाडि बढाउने कार्यालयको निर्णय तथा कामकारबाहीको अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

यस उपमहानगरपालिकालाई वा.नं.१० स्थित गणेशमान चौकको पश्चिमतिरको स्थानमा भृकुटी मार्केटका लागि नेपाल प्रहरीसंग २ मी. जग्गा उपलब्ध गराउने कार्य र तालिम केन्द्रसंगै सटेको जग्गामा बारुणयन्त्र संचालनका लागि जग्गा उपलब्धताका लागि समेत आवश्यक पहल गर्न यस उपमहागरपालिकाका वडा नं. १ का अध्यक्ष एवं कार्यपालिका सदस्य श्री प्रमोद रिजाल र वडा नं. १८ का अध्यक्ष एवं कार्यपालिका सदस्य श्री दीपक बर्मा ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस उपमहानगरपालिकामा वर्तमान COVID-19को महामारीका समयमा क्वारेन्टाईन व्यवस्थापन गर्नपर्ने, राहत ब्यवस्थापन गर्नुपर्ने, आईसोलेशन संचालन गर्नुपर्ने र नगरको बिबिध सेवा प्रबाह समेत गरिरहनु परेको तथा सो कार्यहरुका लागि संलग्न सम्पूर्ण नगर कार्यपालिकाका जनप्रतिनिधिहरु र  कर्मचारीहरुलाई अत्यन्त जोखिम बहन गरिरहनु परेको परिस्थितिमा जोखिम न्यूनीकरणका लागि बिमा गर्न अत्यावश्यक देखिएकोले मिति २०७७०२१४ गते प्राप्त वार्षिक बिमा प्रिमियम रु.६,००/= (रु. छ सय)  मात्रमा प्रति ब्यक्ती बिमाङ्क रु.१,००,०००/= (रु. एक लाख) मात्र को श्री शिखर ईन्स्योरेन्स कम्पनी लि. को प्राप्त प्रस्ताव बमोजिम नै हुने गरी सम्पूर्ण नगर कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको तत्कालै नगरपालिकाले नै खर्च ब्यहोर्ने गरी बिमा गरिदिने निर्णय गरियो ।